# ***मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक***

***प्रस्तावनाः*** *मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ लाई संशोधन गर्ने वाछनीय भएकोले,*

*नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।*

*१.* ***संक्षिप्त नाम र प्रारम्भ*** *: (१) यस ऐनको नाम मेलम्ची नगरपालिकाको सहकारी (पहिलो संशोधन) ऐन, २०७६ रहेको छ ।*

*(२) यो ऐन स्थानीय राजप्रत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।*

*२.* ***मेलम्ची नगरपालिकाको सहकारी ऐन ,२०७५ को दफा ४ मा संशोधन*** *: मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-*

*"४.* ***सङ्घ गठन गर्न सकिने*** *: नगरपालिका क्षेत्रका विषयगत सहकारीहरुको प्रतिनिधित्व हुने गरी नगर सहकारी सङ्घ गठन गर्न सकिनेछ ।*

*(२) उपदफा (१) मा बमोजिम गठित नगर सहकारी सङ्घ अन्तर्गत विषयगत सहकारी सङ्घहरु गठन गर्न सकिनेछ ।"*

*प्रमाणीकरण मिति : २०७६/०३/२७*

*आज्ञाले*

*देवि प्रसाद थपलिया*
*प्रमुख प्रशासकीय अधिकृत*